नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 8 Monthly International Edition of Herald of His Coming August 2023

वर्ष २३, अङ्क ८ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (भदौ, २०७९)

झुटा अगमवक्ताहरू र झुटा शिक्षकहरूबाट सावधान

(Beware of False Prophets and False Teachers)

By Rich Carmicheal

आउनुहोस् हामी यी तलका बाइबलका पदहरूलाई हेरौँ, जसबाट बाइबलले झुटा अगमवक्ताहरू र झुटा शिक्षकको विषमा के भन्दछ थाहा पाउन सरल हुनेछ ।

"धेरै झुटा अगमवक्ताहरू खडा हुनेछन् र धेरैलाई बहकाउनेछन् ।" (मत्ती २४ :११)

"किनकि झुटा ख्रीष्टहरू र झुटा अगमवक्ताहरू खडा हुनेछन् र हुनसके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्य कामहरू देखाउने छन् । याद राख मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु ।" (मत्ती २४:२४-२५) "किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा व्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्ने छैनन् । तपाईंहरूकै बिचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन् जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन् । यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिन रात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेतावनी दिइरहे" । (प्रेरित २०:२९-३१) धर्मशास्त्रले हामीलाई अन्तिम दिनहरूमा झुटा अगमवक्ताहरू र झुटा शिक्षकहरूलाई राम्रोसँग चिन्नको लागि चेतावनी दिन्छ । यिनीहरूलाई चिन्नको लागि हामीलाई विवेकको आवश्यकता पर्दछ । किनभने यस्ता व्यक्तिहरू हामी भित्रैबाट निस्कन्छन् । (प्रेरित २०:३०, २ पत्रुस २:१) "तिमीहरूकहाँ भेडाको भेषमा आउँछन्" (मत्ती ७:१५) "कोही कोहीमा मानिसहरू गुप्तरूपले तिमीहरूका माझमा पसिसकेका छन्" (यहुदा, ४) "यिनीहरूले गुप्तरूपले विनाशकारी झुटा शिक्षाहरू ल्याउने छन्" (२ पत्रुस २:१) र चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउने छन् ।" (मत्ती २४:२४) "तिनीहरू छली काम गर्नेहरू हुन् ख्रीष्टका प्रेरितको भेष लगाएर पनि हिँड्छन् तिनीहरूले धार्मिकताका वासहरूका रूपमा आफ्नो भेष बदल्छन् ।" (२ कोरिन्थी ११ : १३-१५)

"यस्तो समय पनि आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहने छन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन् र सत्य कुरा सुन्नदेखि तर्की जानेछन्, दन्त्यकथाहरूतिर बदलिने छन् ।" (२ तिमोथी ४:३-४)

"यो देशमा डरलाग्दो र वीभत्स काम भएको छ । अगमवक्ताहरू झुट अगमवाणी कहन्छन् । पुजारीहरू आफ्नै अधिकारले शासन गर्छन् । अनि मेरा प्रजाचाहिँ यस्तै हुन रुचाउँछन् ।"(यर्मिया ५:३० - ३१) आजका मण्डलीहरूले झुटा अगमवक्ताहरूलाई ढोका खोलेर मण्डलीमा स्वागत गरेका छन् र झुटा शिक्षकहरूको शन्देसलाई अँगालेका छन् । परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई झुटा अगुवाहरू (अगमवक्ताहरू, शिक्षकहरू गोठालाहरू, प्रेरितहरू) बाट चेतावनी मात्र दिनु भएन तर उहाँले मण्डलीलाई दिनुभएका ईश्वरीय व्यक्तिहरूबाट झुटा अगुवाहरूलाई कसरी चिन्ने भनेर उहाँको वचनमा पनि देखाउनु हुन्छ । यो पाठमा म तपाईंहरूलाई झुटा अगमवक्ता र

शिक्षकहरूको बारेमा सात वटा भिन्न चरित्रहरूको विषयमा सिकाउन चाहन्छु ।

१. झुटा अगुवाहरूले अरूहरूले तिनीहरूको सेवा गरेको चाहन्छन् । तर साँचो अगुवाहरूले अरूको सेवा गर्न चाहन्छन् ।

येशूले परमेश्वरको राज्यमा बलियाहरूले निर्धालाई सेवा गर्नु पर्दछ भन्ने शिक्षा दिनुभयो । "तर येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरूलाई थाहा नै छ कि अन्य जातिका शासकहरूले निनीहरूमाथि निरङ्कुश शासन गर्दछन् र ठूला ठालूहरूले तिनीहरू माथि अधिकार जमाउँछन् तिमीहरूको बिचमा यस्तो हुने छैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ । जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ । जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकराको मोल स्वरूप आफ्नो प्राण दिन आयो ।" (मत्ती २०:२५-२८) यस्तै गरी जब येशूले चेलाहरूका गोडा धुनुभयो र भन्नुभयो, "यदि तिमीहरूका प्रभु र गुरु भइकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक अर्काका गोडा धुनुपर्छ ।" (यूहन्ना १३:१४) परमेश्वरले अगुवाहरूलाई शक्ति र अधिकार दिनुभएको छ जसले गर्दा तिनीहरूले अरूहरूको सेवा गर्न सकून् ।

खराब अगुवाहरूले आफ्नो फाइदाको लागि तिनीहरूको शक्ति र अधिकारलाई दुरुपयोग गर्दछन् । तिमीहरूले आफ्नो मात्रै फाइदा खोज्दछन् (यहूदा : १२) र यस्ता मानिसहरू "फतफताउनेहरू, असन्तोषीहरू, आफ्नो इच्छाअनुसार हिँड्नेहरू, घमण्डी कुरा बोल्नेहरू र लाभको निम्ति मानिसहरूको चाप्लुसी गर्नेहरू यिनै हुन् ।" (पद १६) तिनीहरू इजाकिएलको समयमा भएका खराब अगुवाहरू जस्तै हुन् । "...धिक्कार, इस्राएलका गोठालाहरूलाई, जसले आफ्नै मात्र वास्ता गर्दछन् । के गोठालाले भेडाहरूको वास्ता गर्नुपर्ने होइन र ? तिमीहरू दही खान्छौ ऊनको वस्त्र लगाउँछौ, मोटा-मोटा पशुहरू माछौं, तर बगाललाई चाहिँ तिमीहरू वास्तै गर्दैनौ । तिमीहरूल दुर्बललाई बलिया पारेका छैनौ, बिरामीलाई निको पारेका छैनौ, घाइतेलाई मलहमपट्टी लगाइदिएका छैनौ । तिमीहरू बाटो बिराएकालाई बाटोमा ल्याएका छैनौ, हराएकालाई खोजेका छैनौ । तिमीहरूले तिमीहरूलाई निर्दयता र कठोरतासाथ शासन गरेका छौ ।" (इजकिएल ३४ : २ - ४)

जब तपाईंको अगुवाले अरूहरूको भन्दा आफ्नै मात्र भलाई खोजेको देख्नुहुन्छ, त्यहीनेर शंका गर्नुहोस् । एउटा साँचो अगुवा एकदमै नम्र हुन्छ र आफूलाई भन्दा अरूलाई बढ्ता आदरको सम्झन्छ । विशेष गरी कमजोर व्यक्तिहरूजस्तै बिरामी, गरिब, उत्पीडित हराएकाहरूलाई विशेष ध्यान दिन्छ । असल गोठालेले भेडाका निम्ति आफ्नो प्राण अर्पण गर्दछ । (यूहन्ना १० : ११)

२. झुटा अगुवाहरू पैसामा केन्द्रित हुन्छन्, साँचो अगुवाहरू सेवामा केन्द्रित हुन्छन् ।

एकजना मानिस झुटा शिक्षक हो भने उसले पैसा र भौतिक कुराहरूमा मात्र ध्यान दिन्छ र भक्तिलाई आर्थिक लाभको माध्यम हो भनेर सिकाउँछ । धर्मशास्त्रले यस्ताका विरुद्धमा स्पष्ट चेतावनी दिए तापनि यो एकदमै व्यापक चलिरहेको झुटो शिक्षाको विचार हो । उदाहरणको लागि पावल प्रेरितले गलत सिद्धान्तको सन्दर्भमा यसरी लेख्दछन्, "यदि कसैले अरू सिद्धान्त सिकाउँछ र हाम्रा प्रभु येशू ख्रीष्टको उचित वचन र ईश्वरभक्तिअनुसार शिक्षासँग सहमत हुँदैन भने, त्यो घमण्डले फुलेको हुन्छ र त्यसले केही जानेको हुँदैन । त्यसले व्यर्थको वादविवाद गर्दछ, र एक एक शब्द लिएर झगडा गर्न खोजिहिँड्छ । यी कुराहरूले डाह, कलह, बदनामी र खराब शङ्काहरू उत्पन्न गराउँछन् । यस्ता शिक्षकहरूले बुद्धि भ्रष्ट भएका र सत्यबाट अलग भएका मानिसहरूका माझमा कचिङ्गल उठाउँछन्, अनि भक्तिचाहिँ फाइदा उठाउने उपाय हो भनी तिनीहरू ठान्दछन् । "सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो । किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं । तर खान र लगाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्टि हुनेछौं । तर धनी हुन इच्छा गर्नेहरू परीक्षामा पर्छन् पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा हुन्छन् जसले मानिसहरूलाई बर्बादी र सर्वनाशमा डुबाउँछ । किनभने रुपियाँ पैसाको मोह नै सबै किसिमका खराबीको जड हो । पैसाको लोभमा परेर कोही कोही विश्वासबाट कुमार्गतिर लागेका छन् र धेरै पीडाले तिनीहरूको हृदय घोटोका छन् ।" (२ तिमोथी ६:३-१०)

पुरानो करारको समयमा पनि त्यस्तै समस्या आइपरेको देख्न सकिन्छ । हेर्नुहोस् त मीका र यर्मियाले त्यतिबेला अगुवाहरूले गरेको गल्तीप्रति कसरी

बिलौना गरेका छन् "सबैभन्दा सानादेखि लिएर सबैभन्दा ठूला धन-सम्पत्ति पाउनलाई तिनीहरू सबै लोभी भएका छन् । अगमवक्ता र पुजाहारी सबै छली कुरा गर्दछन् (यर्मिया ६ : १३) "त्यसका अगुवाहरू घुस खाएर न्याय गर्दछन् । त्यसका पुजाहारीहरू ज्याला लिएर सिकाउँछन् । त्यसका अगमवक्ताहरू पैसाको लागि अगमवाणी कहँदछन् ।" (मीका ३ :११) "तिनीहरू त साह्रै भोकाएका कुकुरहरू हुन् । तिनीहरू कहिल्यै अघाउँदैनन् । ती अबुझ गोठालाहरू हुन् । तिनीहरू जम्मै आफ्नै बाटोतिर लागेका छन् । प्रत्येकले आफ्नै लाभ मात्र खोज्दछन् ।" (यशैया ५६:११)

येशूले यसरी चेतावनी दिनुभयो "होसियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर ...।" (लूका १२ : १५) हामीहरू झुटा शिक्षकहरूबाट सधैँ सावधानी हुनुपर्दछ किनभने तिनीहरूको हृदय लोभले भरिएको हुन्छ । (२ पत्रुस २:१४) र तिमीहरूको लोभको कारणले भ्रमात्मक शब्दहरू निस्कनेछन् र तपाईंलाई शोषण गर्नेछन् (२:३) निसन्देह तिनीहरूले बाइबलीय शब्दावलीहरू (वास्तवमा दुरूपयोग र घुमाउरो) प्रयोग गरेर आफूले धोका दिएको कुरा लुकाउँछन् । र, अन्त्यमा तिनीहरूको ध्यान पैसा र भौतिक वस्तुमै हुन्छ ।

पावल प्रेरितको विचार र यो सिद्धान्तमा कति फरक छ विचार गर्नुहोस् त उनी भन्दछन्, "मैले कसैको चाँदी, सुन वा लुगाको लोभ गरेको छैन । हो, तिमीहरू आफैलाई थाहा छ कि यी मेरा हातहरूले मेरा आवश्यकताहरू पूरा गरेका छन् । यसरी परिश्रम गरेर मैले हरेक तरिकाले सिकाएको छु कि तिमीले कमजोर मानिसलाई सहायता गर्नुपर्दछ । हामी प्रभु येशूले भन्नुभएको यी वचनलाई विचार गरौं त "लिनुमा भन्दा दिनुमा असल हो ।" (प्रेरित २०:३३ -३५) पावलले पनि यसरी लेखेका छन् । किनकि हामी परमेश्वरको वचनलाई बेचविखन गर्ने होइनौं, तर निष्कपटताको रूपमा र परमेश्वरको रूपमा...।" (२ कोरिन्थी २:१७) परमेश्वरको सेवक "रुपैयाँ पैसाको लोभी हुनुहुँदैन ।" (१ तिमोथी ३ :३) फेरि तिमोथीलाई नै पावलले यसरी भन्दछन्, "अनि खानेकुरा र लगाउने लुगाहरू हामीसँग जे छ त्यसमै सन्तुष्ट हुनेछौं (६ : ८)

३. झुटा अगुवाहरूले आफ्नो पापलाई लुकाउँछन् तर साँचो अगुवाले पश्चाताप गर्दछन् ।

परमेश्वरले पठाउनु भएको व्यक्तिले अगमवाणीद्वारा मानिसहरूलाई पश्चाताप गर्न र परमेश्वरतिर फर्कन आह्वान गर्दछ । पुरानो करारमा मीका अगमवक्ताले झुटा अगमवक्ताहरूलाई त्यति बेलाका देखावटी पुजाहारीसँग तुलना गरेका छन् । जसले साँचो अगमवक्ताहरूलाई घृणा गर्दथे । खराबीलाई प्रेम गरी परमेश्वरका मानिसहरूलाई बहकाउन खोज्दथे । उनी भन्दछन्, "तर म त याकूबलाई तिनको अपराध र इस्राएललाई तिनको पाप जनाइदिनलाई परमप्रभुका आत्माद्वारा शक्ति न्याय र पराक्रमले पूर्ण छु (मीका ३:८) वास्तवमा परमेश्वरले पुरानो करारमा अगमवक्ताहरू पठाउनुभएको कारण गलत गर्ने मानिसहरू पश्चाताप गरेर परमेश्वर कहाँ फर्केर आऊन् भन्ने नै हो । "मैले तिमीहरू कहाँ मेरा सबै दास अगमवक्ताहरूलाई घरीघरी पठाएँ । तिमीहरूले भने तिमीहरू हरेक अब आ-आफ्नो दुष्ट मार्गबाट फर्क र आफ्ना क्रियाकलाप सुधार, र अन्य देवताहरूको सेवा गर्न तिनीहरूको पछि नलाग । तब मात्र मैले तिमीहरू र तिमीहरूका पिता-पुर्खाहरूलाई दिएको देशमा तिमीहरू रहन पाउनेछौ ।" (यर्मिया ३५:१५)

त्यस्तै गरी नयाँ करारको मुख्य शिक्षा पनि पश्चाताप नै हो । बप्तिस्मा दिने यूहन्नाले पश्चातापको बारेमा प्रचार गरे (मत्ती ३:१-३) येशूले पनि पश्चातापकै विषयमा प्रचार गर्नु भयो । (प्रेरित २ : २८:३:१९, २६ : २०) यस्तै प्रकाशको पुस्तकमा येशूले सातवटै मण्डलीहरूलाई पश्चाताप गर्न आह्वान गर्नु हुन्छ । (प्रकाश ३:५, २१, २२, ३:३, १९) ईश्वरीय अगुवाहरू पापमै अड्की बस्दैनन् तिनीहरूले मानिसहरू पश्चाताप गर, पापलाई त्याग र परमेश्वरतिर फर्क भनी चेतावनी दिन्छन् ।

झुटा अगमवक्ताहरू र झुटा शिक्षकहरूले पनि पापको बारेमा सिकाउने प्रयास गर्दछन् । परमेश्वरले तिनीहरूलाई यसो भन्नुहुन्छ, "मलाई अवहेलना गर्नेहरूलाई तिनीहरू निरन्तर भन्दछन् परमप्रभु भन्नुहुन्छ तिमीहरूलाई शान्ति हुनेछ । र, अटेरी गरी आफ्नै मनको हठीपनमा हिँड्नेहरूलाई तिनीहरू भन्दछन्, तिमीहरूमाथि कुनै नोक्सानी हुने छैन ।" (यर्मिया २३ : १७) पापलाई चेतावनि दिनुभन्दा तिमीहरूले "...खराब गर्नेहरूका हात यिनीहरू बलिया पर्दछन् । त्यसैले कोही पनि आफ्नो दुष्टतादेखि फर्कदैन ...।" (२३ : १४)

झुटा अगमवक्ताहरू र शिक्षकहरू अरूलाई खुसी पार्न र आफैले नै सहायता गर्नमा बढी चिन्तित हुन्छन् । प्रत्येक

व्यक्तिले आफूलाई इन्कार गर्ने आफ्नो क्रुस उठाउने, र खीष्टलाई पछ्याउने कुराहरूमा त्यति ध्यान दिँदैनन् । तिनीहरूले पापलाई गम्भीर रूपमा लिँदैनन् । न्यायबाट बच्नको लागि पापको पर्दाफास गर्दैनन् । तिनीहरूले अरूको चाप्लुसी गर्दछन् र पश्चाताप र आज्ञाकारिता विना परमेश्वरको वचनको दुरुपयोग गर्दछन् ।

४. झुटा अगमवक्ताले परमेश्वरको वचनको दुरुपयोग गर्दछन्, तर साँचो अगमवक्ताले परमेश्वरको सल्लाहको घोषणा गर्दछन् ।

साँचो अगमवक्ताले परमेश्वरको सत्यतालाई घोषणा गर्ने मात्र होइन, तिनीहरू प्रचार गर्न एकदमै विश्वास योग्य हुन्छन् । तिनीहरूले परमेश्वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिन" (प्रेरित २०:२६) भन्ने वचन सिकाउँछन् । तिनीहरूले यसरी अनुभव गर्दछन् "सम्पूर्ण पवित्र शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ ।" (२ तिमोथी ३ : १६)

झुटा अगवक्ताहरूले परमेश्वरको वचनको गहिराइलाई हेर्दैनन् तर वचन भने प्रचार गर्दछन् । "वचन प्रचार गर, समय र बेसमयमा तत्परबस, अर्ती देऊ, हप्काउ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक ।" (४:२) तिनीहरू आफूलाई लाज नमान्ने कामदारको रूपमा परमेश्वर सामु स्वीकृति दिनको लागि लगनशील हुन्छन् । "सर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहण योग्य तुल्याउने भरमग्दुर प्रयत्न गर ।" (२:१५) तिनीहरूले परमेश्वरको वचत जतिसुकै लोकप्रिय होस् वा नहोस्, तर आफ्नो वचन प्रचार भने पक्कै गर्दछन् । तिनीहरूको परमेश्वरको वचनलाई समग्रमा हेर्दैनन् तर कुनै कुनै भाग मात्र प्रस्तुत गर्दछन् "तर हामी सबै सहभागी भएका उद्धारको विषयमा लेख्न म साह्रै उत्सुक भएको छु, त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर" (यहूदा ३)

झुटा अगमवक्ता र शिक्षकहरू विलासी आचरणको अनुकरण गर्ने र सत्यको मार्गको बदनामी गर्ने हुन्छन् (२ पत्रुस २:२) तिनीहरूले आफ्नो उद्देश्य पूरा गर्ने धर्मशास्त्रका अंशमात्र छानी छानी निकाल्छन् तिनीहरूले सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन् । (यर्मिया २३:३६, गलाती १:७, २ पत्रुस ३:१६) तिनीहरू आफ्नो हृदयबाट निस्केको दर्शन बोल्छन् परमेश्वरबाट आएको होइन (यर्मिया २३:१६) तिनीहरू आफ्नै हृदयबाट निस्केको अगमवाणी बोल्दछन् र आफ्नै आत्माको पछि लाग्दछन् । (इजकिएल १३:२ - ३)

निसन्देह, झुटा शिक्षकहरू धेरै छली विश्वस्त पार्ने प्रकारका पनि हुन सक्दछन् । यसकारण परमेश्वरका जनहरू सचेत हुनै पर्दछ । परमेश्वरको वचनलाई पूर्ण रूपमा हृदयमा लिनुपर्दछ र युगौंदेखि पारित भएको सिद्धान्तको प्रकाशमा वर्तमान दिनको शिक्षालाई विचार गर्नुपर्छ । येशूले धेरै मानिसहरूलाई बहकाइनेछ भनी चेतावनी पनि दिनु हुन्छ । हामी खीष्टमा हुर्कनु पर्दछ । ताकि हामी छालले अघिपछि हुत्याइएका धार्मिक सिद्धान्तको प्रत्येक बतासले र मानिसका जालझेल, धूर्तता र फट्याँइले यताउता उडाएर लैजाने बालकहरू जस्तो नहोऔं ।" (एफिसी ४ :१४)

५. झुटा अगुवाहरूसँग खीष्टको विकृत ईश्वरशास्त्र हुन्छ ।

तर साँचो अगुवासँग आफ्नो ध्यान खीष्ट येशूमा केन्द्रित गर्ने स्वभाव हुन्छ । साँचो अगुवाले खीष्टको काम र व्यक्तित्वमा बढ्ता ध्यान दिन्छ जस्तो प्रेरित पत्रुसले होसियारी गराउँछन् कि "जसरी इस्राएलीहरूका माझमा झुटा अगमवक्ताहरू थिए, त्यसरी तिमीहरूका माझमा झुटा शिक्षकहरू खडा हुनेछन् । यिनीहरूले गुप्तरूपले विनाशकारी झुटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन् र आफैमाथि चाँडै विनाश ल्याउनेछ (२ पत्रुस २:१) यस्तै यहूदाले पनि झुटा शिक्षकहरूलाई एक मात्र परमेश्वरलाई इन्कार गर्ने भनी वर्णन गर्दछन् (यहूदा ४) यस्तै पावल प्रेरितले हामीलाई यस्तो आग्रह गर्दछन् कि "खीष्ट अनुसार होइन, मानिसहरूको परम्परा अनुसार, दर्शन र रित्तो छलले तिमीहरूलाई कसैले धोका नदिन होसियार होओ । किनकि शारीरिक रूपमा ईश्वरत्वको सम्पूर्ण पूर्णता उहाँमा वास हुन्छ ।" (कलस्सी २:८-९) खीष्टको ईश्वरशास्त्र र उहाँको काम निसन्देह रूपमा अति नै महत्वपूर्ण छ । वास्तवमा नयाँ करारको सम्पूर्ण केन्द्रियता खीष्टमा छ । मत्तीको पुस्तकको सुरुदेखि (मत्ती १:१) येशूको वंशावलीदेखि प्रकाशको पुस्तकको अन्तिम पद (प्रकाश २२) सम्म नै खीष्टको कन्याबाट जन्म, उहाँको ईश्वरत्व, उहाँको शक्तिशाली सेवा, पापरहित जीवन, बलिदानको मृत्यु,

पुनरुत्थान स्वर्गारोहण, पिताको दाहिने हात पछिको स्थान र पुनरागमनको प्रतिज्ञालाई उच्च स्थान दिइएको छ ।

झुटा अगमवक्ता तथा शिक्षकहरूले खीष्टको जीवनी र केन्द्रियतालाई फरक प्रकारले व्याख्या गर्नु कुनै अनौठो कुरा होइन । अहिले खीष्ट विरोधी आत्मा संसारभरि नै काम गरिरहेको छ । (१ यूहन्ना ४:३) त्यो आत्माले परमेश्वरले खीष्टद्वारा गर्न चाहनुभएका सम्पूर्ण कामहरूको विरोध गर्दछ । उहाँको अचम्मको जन्म, उहाँको ईश्वरत्व, क्रुसको मृत्यु, पुनरुत्थान, दोस्रो आगमनजस्ता खीष्टको जीवनीलाई कम महत्व दिने शिक्षा तथा शिक्षकहरूसँग होसियार हुनुपर्दछ ।

अर्कोतिर साँचो अगुवाहरूले खीष्टमा मात्र ध्यान केन्द्रित गर्दछन् । उहाँलाई सबैभन्दा माथि उचाल्छन् । तिमीहरूको प्रचार र जीवन खीष्ट केन्द्रित हुन्छ । (१ कोरिन्थी १ : २३, कलस्सी १ :२८) तिनीहरूको शिक्षा नयाँ करारमा देखाइएको खीष्टको जीवन र लामो समयदेखि खीष्टियन शिक्षामा केन्द्रित परम्परामा आधारित हुन्छ । किनकि तिनीहरू प्रेरित पावलले घोषणा गरेझैं "किनकि हामी आफैलाई प्रचार गर्दैनौं, तर प्रभु खीष्ट येशू र हामी येशूको खातिर तपाईंका दासहरू हौं ।" (२ कोरिन्थी ४ :५)

६. झुटा अगुवाहरूको अधर्मी चरित्र हुन्छ । तर साँचो अगुवाहरूको ईश्वरीय चरित्र हुन्छ ।

झुटा अगुवाहरूको अर्को महत्वपूर्ण चिन्ह उनीहरूको झुटा चरित्र हो । पुरानो करारमा परमेश्वरले यर्मियाको विलापमा यसो भन्नुभयो । "...अगमवक्ता र पुजाहारी दुवै ईश्वरहीन भएका छन् । मेरै मन्दिरमा पनि तिनीहरूको दुष्टता म भेट्टाउँछु ।" यरुसलेमका अगमवक्ताहरूमा चाहिँ मैले केही अति घिनलाग्दो कुरा देखेको छु । तिनीहरू व्यभिचार गर्दछन्, र झुटो चालमा चल्छन् । खराब गर्नेहरूका हात यिनीहरू बलिया पार्दछन् । यसैले कोही पनि आफ्नो दुष्टतादेखि फर्कदैन । तिनीहरू सबै मेरो निम्ति सदोमभैं यरुशलेमका मानिसहरूचाहिँ गोमोरा झैं छन् ।" (यर्मिया २३:९ - १४)

अगमवक्ता सपन्याहले यसरी थपेका छन् "(यरुसलेमका) अगमवक्ताहरू हठी छन् । तिनीहरू विश्वासघाती मानिसहरू छन् । त्यसका पुजाहारीहरूले पवित्रस्थानलाई अशुद्ध पार्दछन् र तिनीहरूले व्यवस्थालाई उल्टापुल्टा पार्छन् । (सपन्याह ३ :४) अगुवाहरूनै नैतिक प्रदूषण हुनु, दुष्टता बढ्दै जानु, झुट बोल्नु, लापरवाहीको जीवन जीउनु, विश्वासघातले भरिनु कस्तो दुख लाग्दो कुरा हो । र, तिनीहरूबाट नै सम्पूर्ण देश भरी प्रदुषण फैलिएको छ । (यर्मिया २३ : १५)

नयाँ करारको समयमा पनि यस्तै समस्या थियो यहुदाको सानो पुस्तकले यसरी व्याख्या गरेको छ । हाम्रा परमेश्वरको अनुग्रहलाई अधर्ममा परिणत गर्ने अधर्मि मानिसहरू ... (पद ४) पुरुषहरू जसले "शरीरलाई अशुद्ध पार्छन्, अख्तियारीलाई अशुद्ध पार्दछन् (पद ८) यी मानिसहरू आफ्नै अभिलाषामा लागि रहने मानिसहरू हुन् भनी यहूदाले बताउँछन् । आफ्नो अभिलाषाको पछि लाग्ने, घमण्डी, आफ्नो फाइदाको लागि मात्र चाप्लुसी गर्ने पुरुषहरू (पद १६) भनेका छन् । यस्ताहरू झुटा अगुवाहरू हुन् । प्रेरित पत्रुसले पनि त्यसै गरी तिनीहरू कसरी शारीरिक कुराहरूमा लिप्त हुन्छन्, अख्तियारलाई तुच्छ ठान्छन् छलको अभ्यास गर्दछन् र पापमा जिउँछन् भनी व्याख्या गर्दछन् । (२ पत्रुस २:१०-१४) तिनीहरूले स्वतन्त्रताको प्रतिज्ञा गर्दछन् जबकि तिनीहरू आफै भ्रष्टचारका दासहरू हुन्छन् ।" (२:१९)

झुटा अगुवाहरूले छल र चलाखीपूर्ण कामले आफ्ना गल्तीहरूलाई लुकाउन प्रयास गर्दछन् । उदाहरणको लागि येशूले भन्नुभयो (वास्तवमा यो उहँले ती झुट धर्मगुरुहरूलाई भन्नुभएको हो) "तिमीहरू बाहिरबाट कमेरोले पोतेको चिहान जस्तै छौं, जसलाई बाहिरबाट हेर्दा राम्रा, सफा देखिन्छ त्यसरी नै तिमीहरू पनि बाहिरबाट हेर्दा सुन्दर देखिन्छौ, धर्मी देखिन्छौ तर तिमीहरूको भित्रपट्टि कपट र अधर्मले भरिएका छौ ।" (मत्ती २३:२७-२८) निसन्देह, येशूले तिनीहरूलाई बाहिरबाट राम्रो देख्नुभयो, र तिनीहरूलाई औंल्याउनुभयो तिनीहरू आफैतिर बहिरी रूपमा अरूहरूलाई ध्यान खिच्न मन पराउँछन् । (मत्ती २३:५ - ६, लूका २०:४६) तिनीहरूले जे प्रचार गर्दछन् त्यसलाई व्यवहारमा ल्याएका थिएनन् (मत्ती २३ : ३) तिनीहरू खीष्टको नजरमा धर्मी, न्यायी, दयालु वा विश्वासयोग्य थिएनन् । (२३:२३) झुटा अगमवक्ता र शिक्षक अनि ईश्वरीय साँचो अगुवाहरूमा एकदमै भिन्नता छ जुन कुरा ध्यान दिनुहोस्। उदाहरणको लागि पावल प्रेरितले यसरी भनेका छन्, "किनकि हाम्रो अर्ती उपदेश भुल वा अशुद्धताबाट उब्जेको होइन न त यो छलकपटले आएको हो तर जसरी सुसमाचार हाम्रो जिम्मामा सुम्पनको निम्ति परमेश्वरले हामीलाई योग्य ठान्नुभयो, त्यसरी नै मानिसलाई

प्रसन्न पार्न होइन, तर हाम्रो हृदय जाँच्नुहुने परमेश्वरलाई प्रसन्न पार्न हामी बोल्दछौं । तिमीहरूलाई थाहै छ कि हामीले कहिल्यै खुसामदीका कुरा गरेनौं, न हामी लालचको वहानामा फस्यौं । यसको साक्षी परमेश्वर हुनुहुन्छ । खीष्टको प्रेरित भएका नाताले हामीले तिमीहरूमाथि अधिकार चलाउन सक्थ्यौं तापनि हामीले मानिसबाट आदर खोजेनौं, न त तिमीहरूबाट न अरू कसैबाट (१ थेसलोनिकी २:३ - ६) यसको सट्टामा तिनले आफैलाई भक्तिपूर्ण र न्यायपूर्ण र निर्दोष व्यवहार देखाउन प्रयास गरे (२:१०) उनले तिमोथीलाई वचनमा, आचरणमा, प्रेममा, आत्मामा, विश्वासमा, शुद्धतामा एक असल उदाहरण बन्न आग्रह गरे (१ तिमोथी ४:१२) पावलले तिमोथीलाई अन्य ईश्वरीय अगुवाहरूको लागि आत्मिक चरित्र उच्चस्तरको हुनुपर्दछ भनी उत्साह पनि दिए । "एक मण्डली अगुवा निर्दोष हुनुपर्दछ, एउटै पत्नीको पति, संयमी, राम्रो व्यवहार भएको, अतिथि सत्कार गर्ने सिकाउन सक्षम, दाखमद्य पिउने होइन, हिंसात्मक हुनुहुँदैन तर कोमल, झगडालु होइन, लोभी हुनुहुँदैन" (३:२-३) अर्को शब्दमा भन्नुपर्दा साँचो अगुवाको चरित्र उसको जीवनको हरेक पक्षमा सुसङ्गत र ईश्वरीय हुन्छ । जब अगुवाको जीवनमा विसङ्गति वा अधार्मिकताको लक्षण देखा पर्दछ भने सावधान रहनुहोस् ।

७. झुटा अगुवाले खराब फल फलाउँछन् तर साँचो अगुवाले साँचो फल फलाउँछन् ।

झुट अगुवाको संकेत यो हो कि उसले आत्मिक फल पनि झुटो नै फलाउँछ । प्रभु येशूले यसरी सिकाउनु भयो, "झुटा अगमवक्ताहरूदेखि होसियार रहो, जो भेडाको पोशाक धारण गरेर तिमीहरूकहाँ आउनेछन्, तिनीहरू भित्रीरूपमा त्यसो जस्तो देखिन्छन्, ती कस्ता छन् भन्ने कुरा तिमीहरूले तिनीहरूको फलबाट चिन्नेछौ ।" (मत्ती ७:१५-१६) झुटा शिक्षा ग्रहण गर्नेहरू बाहिरबाट निर्दोष देखिन्छन् । तिनीहरू बाहिरबाट हानिरहित र नम्र देखिन्छन् तर तिनीहरूको क्रियाकलापले तिनीहरू आफ्ना भेडाहरूको लागि यो क्रियाकलापहरू गरिरहेका छैनन् भन्ने कुरा देख्न सकिन्छ । तिनीहरू विभाजन ल्याउने व्यक्तिहरू हुन (यहूदा १:१९) तिनीहरू यस्ता गोठालाहरू हुन जसले भेडाहरूलाई नष्ट पार्दछन्, तितरबितर पार्दछन् (यर्मिया २३:१) तिनीहरू साँचो गोठालो होइनन् जंगली ब्वासाँहरू हुन् । तिनीहरू बगाललाई कहिल्यै छोड्दैनन् र चेलाहरूलाई पछि पछि लगाउँछन् । (प्रेरित २०:२९ - ३०) प्रेरित पावलले चेतावनी दिन्छन् "तिमीले सिकेको सिद्धान्तको विपरीत कसैले विभाजन गर्न खोज्छ भने त्यस्ता व्यक्तिहरूलाई ध्यान दिनुहोस् र तिनीहरूबाट टाढै रहनुहोस् । किनकि त्यस्ताहरूले हाम्रा प्रभु येशू खीष्टको साँचो अर्थमा सेवा गर्दैनन् र तिनीहरूले आफ्नै पेटको सेवा गर्दछन् । तिनीहरूको चिप्लो बोली र चाप्लुसी स्वभावले सरल मानिसहरूको हृदयलाई छल्दछ । (रोमी १६ : १७ - १८)

अर्को तर्फ खीष्टले आफ्नो मण्डलीलाई सेवा गर्नको लागि दिएका अगुवाहरूले सन्तहरूलाई सुसज्जित पार्दछ । र, विश्वासमा तिमीहरूलाई निर्माण गर्दछन् । (एफिसी ४:१३) तिनीहरूले आफ्नो सेवाकाईलाई बदनाम गर्न सक्ने कुनै कुरामा कुनै अपराध गर्दैनन् तर यसको सट्टा हरेक तरिकामा प्रशंसायोग्य काम गर्छन् "धैर्यतामा, संकटमा, परिश्रममा शुद्धता, ज्ञान, सहनशीलता, दया, पवित्रआत्माद्वारा निष्कपट प्रेमद्वारा सत्यको सत्यको वचनद्वारा परमेश्वरको शक्तिद्वारा काम गर्दछन् ।" (२ कोरिन्थी ६ : हेर्नुहोस्, विशेष गरी ३ - १० सम्म) यस्तो विश्वासयोग्य सेवाद्वारा सुसमाचारको लागि आत्मिक फलफलाउन सक्दछ । (कलस्सी १:६-७)

सधैँ सतर्क रहनुहोस्

असल अगुवाहरूको लागि हामी परमेश्वरलाई धन्यवाद दिनुपर्दछ । जसले आफ्नो जीवन परमेश्वरलाई लेखा दिएजस्तै गरिदिएका छन् । तिमीहरूले साँच्चै आफ्ना चेलाहरूको हेरचाह गर्दछन् । (हिब्रू १३ : १७) तर हामी गलत अगुवाहरूको धम्कीबाट सधैँ सतर्क रहनुपर्दछ । जसले कुनै पनि सयममा खीष्टको शरीरलाई हानिपुऱ्याउन सक्दछन् । प्रेरित पावलले भन्दछन् । "धेरै मानिसहरूले झुटा शिक्षकहरूको शिक्षालाई पछ्याउने छन् अरू कतिले त झुटा शिक्षकको कामुकतालाई पछ्याउने छन् त्यसो गर्दा सत्यको बदनाम हुनेछ ।" (२ पत्रुस २ :२)

यसै कारण हामी धेरै विवेकी हुनुपर्दछ झुटा अगुवाहरूबाट आफैलाई बचाउनु पर्दछ । तिनीहरूको हार निश्चित छ । तिनीहरूको लागि अन्धकारको कालो दिन सधैँ सुरक्षित गरिएको हुन्छ । (यहूदा १३) हामीहरू तिनीहरूको प्रभावमा पर्ने आँटै गर्नुहुँदैन । तर कसैले हामीलाई बहकाएर त्यो बाटोमा नलैजाओस् भनी होसियारी हुनुपर्दछ । (मत्ती २४:४)

(Herald of His Coming को अघिल्लो अंकबाट पुनः छापिएको - सम्पादक)

मेरो जीवन गवाही

वर्णन गर्दैछु म मेरो जीवन कथा दुःख नै दुःखले भरिएको
न हाँसो, न खुशी, आँसु नै आँसु र पीडाले मुटु चिरिएको ।

जब बाल्यकाललाई फन्को मारी जवानीमा प्रवेश गरे मैले
डरलाग्दा र घिनलाग्दा पापहरु मेरो जवानीमा गरे मैले
साथीभाइहरुलाई खुशी राख्न चोरी गरे मैले
अरुको लागि भनेर आफ्नै घरको बदनामी गरे मैले ।

समय बित्दै जाँदाखेरी माया गर्ने मान्छे पनि भेटें मैले
मलाई मन पराउनेको भिड पनि धेरै नै देखे मैले
जब संसारको क्षणिक माया पाएँ मैले
प्रभुको त्यो महान् प्रेमलाई लत्याए मैले ।

जवानीको केशमा चिप्लेर लड्दा कसैसँग माया लाएको थिएँ
संसारिक प्रेममा डुब्दाखेरी चोटैचोट र धोका मात्र खाएको थिएँ
रंगिन सपनाहरुले यो मेरो हृदय सजाएको थिएँ
विपनामा त मैले खुशीको सट्टा आँसु नै आँसु पाएको थिएँ ।

भावनामा डुबेर दर्जनौं डायरीमा कविता पनि पनि लेखेको थिएँ
मायालाई नै संसार ठानेर विश्वास पनि गरेको थिएँ
हृदयको हरेक पानामा पनि उनकै नामले भरेको थिएँ
मयाकै लागि भनेर दुई पाइला पछाडि पनि सरेको थिएँ ।

शारीरिक किसिमले अशक्त बने म जब
दुनियाँ र आफन्तले हेला गर्न थाले तब
साथीभाइ, इष्टमित्र सबैले छोडिगए
माया गर्छु भन्नेहरु पनि म देखि टाढा भए ।

एक्लो बन्न पुगें म सबैले मेरो साथ छोडेपछि
जिन्दगीमा बाँच्ने आधार भेटिन मैले, मुटुलाई संसारले फोडेपछि
मर्नसम्म खोजेथे म घाँटीमा दाम्लोले कसी
बाँच्नुको कुनै अर्थ थिएन सबैसँगको सम्बन्ध टुटेपछि ।

लाखौ रुपैयाँ खर्च गरी धेरै अस्पताल धाएँ
निको नै नहुने कस्तो रोग लाग्यो भनी म धेरै रोएँ
मेरो आमाबुबा पनि म देखि धेरै निराश हुन्थ्यें
दुःख चाहिँ मलाई मात्र किन आको भनी म रुन्थे ।

केही सीप नलागेपछि जिन्दगीलाई समाप्त गर्ने जंगलमा गए
घाँटीमा दाम्लो बाँधेर म मर्नका लागि तयार भएँ
त्यति नै खेर प्रभुको आवाज सुन्ने मौका मैले पाएँ
मर्नुभन्दा बौलाउनु वेश ठानेर म घर फर्की आएँ ।

कहिल्यै बाइबल नपढ्ने म त्यो दिनदेखि बाइबल अध्ययन गरे
सत्य के हो थाहा पाएर मेरो आँखाबाट आँसुको धारा झरे
कोठाको चुक्कुल लगाएर म एकान्तमा एक्लै हराउने गर्थे
रातभरी नसुतिकन रुँदैरुँदै प्रभुको प्रार्थना चढाउँने गर्थे ।

पापमा फसेर मेरो जीवनलाई नाश गरेको रहेछु मैले
प्रभुलाई जीवन सुम्पेदेखि खुशी नै खुशी पाएको छु अहिले
मेरो जिन्दगीमा धेरै सफलताहरु आए प्रभुलाई पाएपछि
प्रभुको प्रेमलाई बुझे मैले विश्वासमा फर्की आएपछि ।

खुशी छु आज म प्रभुलाई चिन्ने मौका पाउँदाखेरी
कहिल्यै पनि फर्कादिनँ अब म संसारपट्टि फेरी
संसारले दिन नसकेको माया येशूमा जिएर पाएको छु
कसैले पनि छुटाउन नसक्ने गरी येशूसँग नाता लाएको छु ।

तपाईंलाई पनि अनुरोध गर्छु प्रभुको प्रेममा फर्की आउनुहोस् ।
प्रभु येशूमा विश्वास गरी उद्धार, मुक्ति पाउनुहोस्
जिन्दगीमा मैले धेरै भोगें दुःख, पीडा र यातना
मेरो लागि पनि सबैले गरिदिनुस् है प्रार्थना ॥

- समिर रिमाल, 'क्रुसको कथा' कवितासंग्रहबाट

विशेष धन्यवाद

पा. माधव पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

एस्तर कुमाल, टोकियो, जापान । इस्माइल लेप्चा, दार्जीलिङ, भारत । केदार तामाङ, मलेसिया । पावल राई, बहराइन । सुजन अधिकारी, रोमानिया । काठमाडौँ, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौँ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4982442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.heraldofhiscoming.org